पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरु
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे

सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ६० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ चैत १ गते शुक्रबार ❑ 14 March. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## पोखरामा हर्ष उल्लासका साथ विदेशीसंगै होली पर्व मनाइयो

**पोखरापत्र संवाददाता**
पोखरा, २९ फागुन



पर्याटनको राजधानी पोखरामा होली पर्व हर्ष उल्लासका साथ मनाइएको छ।

रंगहरुको पर्वको रुपमा रहेको होली पर्व पोखरामा विभिन्न संघ संस्थाहरुले सामुहिक रुपमा एक आपसमा शुभकामना आदान प्रदान गरी रंग लगाउदै होली पर्व मनाउनु भएको हो। पोखराको लेकसाईड क्षेत्रमा विभिन्न देशका पर्यटकहरुसंगै होली पर्व मनाइएको रेष्टुरेण्ट एण्ड वार एशोसियसन नेपाल (रेवान) पोखराका अध्यक्ष विश्वराज पौडेलले बताउनुभयो । यस बर्ष होली पर्वमा युरोप, अमेरीका, भारत, चाइना लगायतका पर्यटकहरु सहभागि भएको उहाँले जनाउनु भयो । स्वदेही तथा विदेशी पर्यटकहरु सडकमै नाच्दै रंगहरु एक आपसमा दल्दै खुसियाली मनाउनु भएको थियो।

नेपालीहरुको चार्ड होली पर्वको बारेमा विदेशी पाहुनाहरुलाई जानकारी गराउदै पोखराको अम्वोटदेखि गौरीघाट, बाराहीघाट, सेन्टर प्वाइट, हल्लनचोक हुदै खहरेचोकसम्म स्वदेशी तथा विदेशीहरु बिच सामुहिकरुपमाहोलीपर्वमनाइएको अध्यक्ष पौडेलले बताउनु भयो । उक्त उत्सवले पोखराको पर्यटन प्रबर्द्धनमा थप टेवा पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । रेवान पोखराले नेपालको संस्कृति र पर्वको बारे जानकारी गराउँदै एक आपसमा मित्रता र सद्भाव साटासाट गर्ने उद्देश्यले उक्त महोत्सव २०७५ देखि विभिन्न मनोरञ्जनात्मक कार्यक्रम सहित मनाउदै आएको छ । पोखरा क्षेत्रका युवा युवती होली पर्व मनाउन लेकसाइड क्षेत्रमा हरेक बर्ष उर्लिने गर्नु भएको छ। जिल्ला प्रशासन कार्यालयले कसैलाई इच्छा विपरित रंग नलगाउन चेतावनी दिएको छ।

यसैबिच, नेपाल पत्रकार महासंघ कास्की शाखाले पनि पोखरामा पत्रकारहरु बिच एक आपसमा सदभाव कायम हुने गरी होली पर्व मनाएको अध्यक्ष माधव बरालले बताउनुभयो।

त्यस्तै मदन भण्डारी स्पोट्स एकेडेमीले खेलकुदकर्मी बिच होली पर्व मनाएको छ । उक्त अवसरमा महिला भलिवलका कप्तान अरूणा शाहीलाई सम्मान गरिएको एकेडेमीका उपाध्यक्ष राजेश कुमार गुरूङले बताउनु भयो । राखेपका पूर्व सदस्य समेत रहेका गुरुङले खेलाडीको हौसला स्वरुप ११ हजार नगद सहित सम्मान गरिएको उहाँले जनाउनु भयो।

## महिला तथा बालिकाको सशक्तीकरण र समावेशीतामा उल्लेख्य उपलब्धि : मन्त्री सुडी

**रासस**
काठमाडौं, २९ फागुन

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीले नेपालले लैङ्गिक समानताको प्राप्ति र महिला तथा बालिकाको सशक्तीकरण समावेशीतामा उल्लेख्य उपलब्धि हासिल गरेको बताउनुभएको छ।

संयुक्त राष्ट्रसङ्घ मुख्यालय न्यूयोर्कमा आयोजित महिलाको स्थितिसम्बन्धी आयोग (सिएसडब्लु) को ६९औँ सत्रमा बुधबार राष्ट्रिय वक्तव्य प्रस्तुत गर्दै मन्त्री सुडीले लैङ्गिक समानता दिगो र न्यायपूर्ण समाजको प्रवर्द्धनका लागि महत्त्वपूर्ण रहेको बताउनुभयो । नेपालले विगत तीन दशकमा यस दिशामा गरेका महत्त्वपूर्ण प्रगतिलाई प्रकाश पार्दै भन्नुभयो, "नेपालको संविधानले सङ्घीय र प्रादेशिक संसद्मा ३३ प्रतिशत र स्थानीय निकायमा ४० प्रतिशत महिला प्रतिनिधित्वको सुनिश्चितता गरेको छ। नेपालले सदैव लैङ्गिक समानता र महिला सशक्तीकरणका मुद्दालाई उच्च प्राथमिकता दिँदै आएको छ।"

महिलालाई सशक्त बनाउन वित्तीय समावेशीकरण विस्तार गर्ने, सामाजिक सुरक्षा सुदृढ गर्ने, लैङ्गिक उत्तरदायी बजेटलाई अगाडि बढाउने, लैङ्गिक डिजिटल विभाजनलाई कम गर्ने, र लैङ्गिक-विश्लेषित तथ्याङ्कको सङ्कलन तथा उपयोगलाई बढाउनेलगायतका क्षेत्रमा रणनीतिक हस्तक्षेपको महत्त्वमा मन्त्री सुडीले जोड दिनुभयो । उहाँले अन्तर्राष्ट्रिय समुदायलाई विद्यमान खाडललाई पुर्न र लैङ्गिक समानतालाई केवल एक आकाङ्क्षाका रूपमा नभई सबैका लागि जिवित यथार्थ बनाउन ऐक्यबद्धताको भावनाका साथ मिलेर काम गर्न आह्वान गर्नुभएको संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगले जनाएको छ।

मन्त्री सुडीले सिएसडब्लुको ६९औँ सत्रको मन्त्रीस्तरीय बैठकलाई पनि सम्बोधन गर्नुभएको थियो । सो बैठकमा उहाँले लैङ्गिक समानता र महिला सशक्तीकरण अभिवृद्धि गर्न नेपालका राष्ट्रिय संयन्त्रले गरेका कार्यबारे प्रकाश पार्नुभएको थियो। उहाँले नेपालका कानुन र नीतिले आर्थिक, राजनीतिक तथा सामाजिक क्षेत्रमा सबै प्रकारका लैङ्गिक भेदभाव उन्मूलन गरेर महिला सशक्तीकरण र लैङ्गिक समानताको प्रत्याभूति गरेको अवगत गराउनुभएको थियो । बालिका शिक्षा, स्वास्थ्य, रोजगारी र आर्थिक सशक्तीकरणमा कार्यक्रम तथा पहलमा लगानी बढाउन र सार्वजनिक तथा निजी वित्त परिचालन गर्न मन्त्री सुडीले आह्वान गर्नुभयो।

सोही अवसरमा उहाँले युनिसेफद्वारा आयोजित 'शक्ति र किशोरीः बालिकामा लगानी गरौँ, विश्व परिवर्तन गरौँ' र खाद्य तथा कृषि सङ्गठन (एफएओ) द्वारा आयोजित 'अधिकार-आधारित र लैङ्गिक-न्यायपूर्ण खाद्य सुरक्षा र पोषणतर्फः भोकमरी अन्त्य गर्ने र कसैलाई पनि पछाडि नछोड्ने मार्गहरू' विषयका साइड इभेन्टहरूलाई पनि सम्बोधन गर्नुभएको थियो । कार्यक्रममा उहाँले नेपालले लैङ्गिक समानता र महिला सशक्तीकरणमा गरेका प्रयासबारे प्रकाश पार्नुभएको थियो । मन्त्री सुडीले शुक्रबार नेपाल, बङ्गलादेश र फिनल्याण्डद्वारा संयुक्त रूपमा आयोजना गरिने तथा युनिसेफद्वारा आयोजना गरिने छुट्टाछुट्टै कार्यक्रमलाई सम्बोधन गर्ने कार्यक्रम रहेको स्थायी नियोगले जनाएको छ । मन्त्री सुडी नेतृत्वको नेपाली प्रतिनिधिमण्डलमा सङ्घीय संसद्का सदस्यहरू, मन्त्रालयका सचिव र वरिष्ठ सरकारी अधिकारीहरू सहभागी हुनुहुन्छ।

## चीन जोड्ने कोरला सडकमा रहेका योजना कार्यान्वयन हुँदै

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २९ फागुन

उत्तर/दक्षिण जोड्ने राष्ट्रिय गौरवको बेनी–जोमसोम–कोरला सडक आयोजनाअन्तर्गत चालु आर्थिक वर्षका लागि छनोट भएका नौवटा योजनामध्ये चार योजना कार्यान्वयनमा आएका छन्।

पहिरो नियन्त्रण, चारवटा पुल र एक कालोपत्र योजनासहित यहाँ नौ योजना रहेका छन् । आयोजनाका सूचना अधिकारी इञ्जिनियर बिष्णु चापागाईंले ती योजनामध्ये चारवटा ठेक्का सम्झौता भई कार्यान्वयनमा आइसकेको र पाँच योजना ठेक्का सम्झौताको चरणमा रहेको बताउनुभयो।

यहाँ मुस्ताङको थासाङ-४ स्थित कैकु खोला, थासाङ-२ को लार्जुङ खोला, जोमसोम-मुक्तिनाथ खण्डको पान्डा खोलामा पुल र म्याग्दीको राहुघाट खोलामा बेलिब्रिजका लागि ठेक्का सम्झौता भएको हो । आयोजनाका अनुसार मुस्ताङको थासाङ–४ स्थित २० मिटर लम्बाइको कैकु खोला पुलको बाँकी निर्माणसम्पन्न गर्न रु पाँच करोड ३९ लाखमा बिके केसी, जिसी जेभी निर्माण कम्पनीसँग १३ फागुनमा ठेक्का सम्झौता भएको हो। थासाङ–४ लार्जुङ खोलामा निर्माणाधीन २० मिटर लामो पुलको अधुरो निर्माणसम्पन्न गर्न रु दुई करोड २२ लाखमा एसके धौलागिरी निर्माण सेवासँग ११ फागुनमा ठेक्का सम्झौता भएको थियो।

यस्तै, पान्डा खोला पुलमा खोलाको धार एकीकृत गराउन नयाँ ठेक्का सम्झौता भएको हो । पान्डा खोला पुलमा पानीको सर्कुलर जोड्ने गरी खोला च्यानलाइजिङ गर्न ११ फागुनमा रु ५८ लाख ५७ हजारमा सोली थुम्का निर्माण सेवासँग ठेक्का सम्झौता भएको सूचना अधिकारी चापागाईंले बताउनुभयो । राहुघाटमा अवस्थित बेलिब्रिज व्यवस्थापन तथा मर्मतका लागि बिआरटी साया जेभीसँग रु तीन करोड ३९ लाखमा १३ फागुनमा ठेक्का सम्झौता भएको उहाँले जानकारी दिनुभयो।

## फागु पर्व उल्लास पूर्वक मनाऔं ।

फागु रङ्ग र उमङ्गको पर्व,
◆सभ्य र मर्यादित भएर फागु पर्व मनाऔं,
◆बलपूर्वक अरुलाई रङ्ग नलगाऔं,
◆कसैको सहमति विना रङ्ग तथा पानी छ्याप्ने नगरौं,
◆हानिकारक रङ्गको प्रयोग नगरौं,
◆फागु पर्व मनाउने बहानामा अवाञ्छित गतिविधिमा संलग्न नबनौं,
फागु पर्वको महत्व र गरिमा बढ्ने गरी यस पर्वलाई उल्लासमय बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## त्रिवि केन्द्रीय क्याम्पसमा अध्यक्षका लागि १७ जनाको उम्मेदवारी

**रासस**
काठमाडौं, २९ फागुन

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय (त्रिवि) केन्द्रीय क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनको अध्यक्ष पदका लागि १७ जनाको उम्मेदवारी परेको छ।

क्याम्पसले सार्वजनिक गरेको अन्तिम उम्मेदवारको सूचिमा अनेरास्ववियु, नेपाल विद्यार्थी सङ्घ, अनेरास्ववियु क्रान्तिकारी र स्वतन्त्र विद्यार्थी समूहलगायत स्वतन्त्रले अध्यक्ष पदका लागि उम्मेदवारी दिएका क्याम्पस निर्वाचन अधिकृत प्राडा कृष्णप्रसाद न्यौपानेले जानकारी दिनुभयो। उहाँका अनुसार अनेरास्ववियुबाट सिद्धान्त भट्ट, नेपाल विद्यार्थी सङ्घबाट दीपकराज जोशी, अखिल (क्रान्तिकारी)बाट प्रवीन दाहाल, स्वतन्त्र विद्यार्थी समूहबाट दिनेश कार्की, नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घबाट विलम सुवाल, नेपाली विद्यार्थी मञ्चबाट अक्कल रानाभाट, नयाँ शक्ति विद्यार्थी युनियनबाट नरेन्द्र सिंह महरा, स्वतन्त्र विद्यार्थी (त्रिवि) बाट उज्जलवहादुर खड्का, स्वतन्त्रबाट पद्मा भुसाल, सनम वली र दिप्रसन केसीलगायतले उम्मेदवारी दर्ता गराउनुभएको छ । त्रिवि केन्द्रीय क्याम्पसमा ६ हजार १४६ मतदाता रहेका छन् । त्रिविले स्ववियु निर्वाचनको प्रचारप्रसारको समय फागुन २९ गते दिनको २ बजेदेखि चैत २ गते राति १२ बजेसम्मका लागि तोकेको छ। स्ववियु निर्वाचनमा आगामी चैत ५ गते त्रिवि अन्तर्गतका क्याम्पसमा हुँदै छ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# आर्वामा प्रथम अमलाचौर चापडाँडा भेट्रान्स भलिवल प्रतियोगिता सुरू

**पोखरापत्र संवाददाता**
पोखरा, २९ फागुन

प्रथम अमलाचौर चापडाँडा भेट्रान्स भलिवल प्रतियोगिता, पोखरा १३ आर्वामा सुरू भएको छ। फागुन २९ देखि चैत दुई गते सम्म सञ्चालन हुने प्रतियोगितामा १० टिमले भाग लिएका छन् । प्रतियोगितामा विजेताले नगद ४० हजार तथा उपविजेताले २५ हजार नगद, शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्ने जानकारी आयोजक समितिका संयोजक रामप्रसाद बरालले जानकारी दिए।

प्रतियोगितामा वेष्ट प्लेयर, वेष्ट डिफेन्स वेष्ट स्पाईकर तथा वेष्ट सेटरलाई पनि नगद , शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिनेछ। अमरज्योति आधारभुत विद्यालय पोखरा १३ आर्वाको खेलमैदानमा सञ्चालित भलिवल प्रतियोगितामा वडान १३ लगायत छिमेकी वडा तथा गाउँ पालिकाहरूबाट खेलाडी समुहहरुले सहभागिता जनाएको खेल संयोजक अमृत परियारले बताए । टोल विकाश संस्था सहित स्थानिय



भलिवल खेलाडीहरुको संयुक्त पहलमा यस प्रकारको भलिबल प्रतियोगिता संभवतः आर्वामा पहिलो पटक आयोजना गरिएको हो । "राष्ट्रका लागी खेलकुद, स्वास्थ्यका लागि खेलकुद" भन्ने मुल नाराका साथ आयोजना गरिएको प्रतियोगिताबाट पुराना भलिवल खेलाडीलाई सम्मान हुने तथा नयाँ पुस्तालाई खेल प्रति उत्साह र आकर्षण जगाउने उद्देश्यले खेल सञ्चालन गरिएको खेल संयोजक श्रीराम अधिकारी बताउँछन् । स्थानिय संघ संस्था तथा बिभिन्न क्षेत्रमा आवद्ध व्यक्तित्वहरुबाट आर्थिक सहयोग जुटाएर प्रतियोगिता सञ्चालन गरिएको बताईन्छ। 'प्रतियोगिताबाट बचत रकम स्थानिय शिक्षा स्वास्थ्य तथा खेलकुदका क्षेत्रमा खर्च गरिने प्रतियोगिताका आर्थिक संयोजक लक्ष्मण बरालले बताए। यसैबीच प्रतियोगिताको उद्घाटन पोखरा महानगर पालिका वडान १३ का वडा अध्यक्ष किरण बरालले गरेका थिए । सो अवसरमा वडा अध्यक्ष बरालले, यस प्रकारको खेल स्थानिय स्तरबाट आयोजना हुनु भनेको आफैंमा असाध्यै खुशीको कुरा हो भन्दै वडाबाट आगामी वर्षहरुमा आर्थिक सहयोग गर्दै खेलकुद प्रतियोगितालाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे। उनले खेल क्षेत्रको विकाशमा आफु लागि परेको र खेलाडी उत्पादनमा पनि यस्ता प्रतियोगीताले ठूलो सघाउ पुर्‍याउने भनाई राखेका थिए।

अमलाचौर चापडाँडा टोल विकाश संस्थाका अध्यक्ष ईन्द्रप्रसाद बरालको अध्यक्षतामा भएको उद्घाटन समारोहमा पत्रकार श्रीराम सिग्देल, भूतपूर्व भलिबल खेलाडी दोजराज बराल, अमरज्योति आधारभुत विद्यालयका प्रअ बिमल बहादुर बराल, सूर्योदय आमा समुहकी अध्यक्ष तारादेबी बराल, नमुना प्राङ्गारिक कृषी सहकारीका अध्यक्ष टेकनाथ बराल, नागेश्वर महादेव मन्दिर व्यस्थापन समितिका अध्यक्ष बिष्णुप्रसाद बराल, नबदुर्गा युवा क्लबका अध्यक्ष मनोज बराल, आशिर्वाद क्लबका संस्थापक अध्यक्ष बिक्रम बराल तथा कार्यक्रम संयोजक देबेन्द्र बराल लगायतले भलिबल प्रतियोगिता सञ्चालन र यसको उदेश्य महत्व लगायतका विविध विषयमा आआफ्ना भनाई राखेका थिए। कार्यक्रममा चर्चित गायक जेनिश क्षेत्रीले गीत प्रस्तुत गरेर कार्यक्रमलाई मनोरञ्जक बनाए।



पोखराको लेकसाइडमा होली खेल्दै पर्यटक : पोखराको लेकसाइडमा बिहीबार होली खेलेर मनोरञ्जन लिँदै आन्तरिक तथा वाह्य पर्यटक। तस्बिरः युनिश गुरुङ/रासस

# राष्ट्रिय पुरूष ह्याण्डबल प्रतियोगिताका लागि आयोजक समिति गठन

**पोखरापत्र संवाददाता**
पोखरा, २९ फागुन

प्रथम पोखरा कप राष्ट्रिय पुरूष् ह्याण्डबल प्रतियोगिता सम्पन्न गर्न आयोजक समिति गठन गरिएको छ।

गण्डकी प्रदेश ह्याण्डबल संघ र कास्की जिल्ला ह्याण्डबल संघको संयूक्त बैठकले प्रतियोगितालाई सफलता पूर्वक सम्पन्न गर्न आयोजक समिति गठन गरेको हो । गण्डकी प्रदेश ह्याण्डबल संघको आयोजनामा तथा प्रदेश खेलकुद परिषद गण्डकीको सहकार्यमा उक्त प्रतियोगिता यहि चैत्र ३ देखि ५ गते सम्म पोखरामा आयोजना हुँदैछ। प्रतियोगिताको प्राविधिक सहयोग कास्की जिल्ला ह्याण्डबल संघले गर्नेछ।

प्रदेश ह्याण्डबल संघका अध्यक्ष केशव पाठकको अध्यक्षतामा बिहिबार बसेको बैठकमा दक्षिण एसियाली ह्याण्डबल महासंघका उपाध्यक्ष तेज बहादुर गुरूङको संयोजकत्वमा एक सल्लाहकार समिति गठन गरिएको छ। जसको सदस्यमा मोहन रेग्मी, दिल बहादुर गुरूङ, हरिप्रसाद पराजुली, राम बहादुर गुरूङ, शेर बहादुर गुरूङ, रत्नमान गुरूङ, खिम बहादुर



गुरूङ, श्रीकृष्ण अधिकारी रहेका छन्।

त्यस्तै समारोह व्यवस्थापन समितिको संयोजका शान्ती थापा बैध, प्राविधिक समितिको संयोजकमा गोपाल थापा, स्वास्थ्य समितिको संयोजकमा विष्णुमाया गुरूङ, ट्रफी, पदक तथा प्रमाणपत्रमा गिरमान गुरूङ, आवाश व्यवस्थापनमा चित्रबहादुर थापा, स्वयंसेवक उपसमितिमा तिलक बहादुर अधिकारी, मैदान व्यवस्थापनमा रण बहादुर गुरूङ, आर्थिक समितिमा कृष्ण सिंह बस्नेत (शान्त) रहेको गण्डकी प्रदेश ह्याण्डबल संघका महासचिब राजेन्द्र पहाडीले जानकारी दिए।

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता सम्पन्न भएको साढे २ वर्ष पछि उक्त प्रतियोगिता पोखरा रंगशालास्थित बहुउद्धेश्यिय कभर्डहल र पोखरा ह्याण्डबल एकेडेमीमा लिगकम नक आउटका आधारमा सञ्चालन हुनेछ। प्रतियोगितामा आयोजक गण्डकी प्रदेशसहित सबै प्रदेश र विभागिय टोलीको सहभागिता हुनेछ। प्रतियोगितामा पोखरा ह्याण्डबल कप उपाधि बिजेता टिमले नगद रु १ लाख, उपविजेताले नगद ५० हजार र तेस्रो हुने टिमले नगद रु ३० हजारका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्ने छन्। त्यस्तै उत्कृष्ट गोलरक्षक, उत्कृष्ट खेलाडी र सर्वाधिक गोलकर्तालाई नगद ५-५ हजारका साथमा ट्रफी तथा प्रमाणपत्र प्रदान गरिने छ। प्रतियोगिता सम्पन्न गर्न करिव १४ लाख खर्च हुने गण्डकी प्रदेश ह्याण्डबल संघले जनाएको छ।

# संस्कृति जोगाउन धनुषवाण प्रतियोगिता

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २९ फागुन

थासाङ गाउँपालिका-४ घाँसामा बिहीहारदेखि धनुषवाण प्रतियोगिता सुरु भएको छ । गाउँपालिकाले थकाली समुदायको संस्कृति जोगाउने उद्देश्यले फागुपूर्णिमा तथा तोरन्ल पर्वका अवसरमा धनुषवाण प्रतियोगिता आयोजना गरेको जनाएको छ। प्रतियोगिता तीन दिनसम्म चल्नेछ।

हिमाली क्षेत्रको इतिहास र संस्कृतिसँग जोडिएको धनुषवाण खेललाई संरक्षण, सम्वर्द्धन एवं पुस्तान्तरण गर्न आवश्यक रहेको उल्लेख गर्दै प्रतियोगिता आयोजना गरिएको गाउँपालिकाले प्रदीप गौचनले बताउनुभयो । थासाङ थकाली समुदायहरुको उद्गमस्थलका रुपमा परिचित छ । यहाँका थकाली समुदायले मनाउँदै आएको तोरन्ल पर्वलाई गाउँपालिकाले यसै वर्षदेखि प्रतियोगिताका रुपमा मनाउन लागेको हो । गाउँपालिकाले धनुषवाण खेललाई यस वर्ष



पालिका खेलकुदमा सूचीकृत गरिसकेको छ।

प्रतियोगिताको प्रतिनिधिसभा सदस्य योगेश गौचन थकालीले उद्धाटन गर्नुभयो। उहाँले थकाली समुदाय थातथलो थासाङमा यसप्रकारको प्रतियोगिता आयोजना हुँदा संस्कृति र परम्परा जोगाउन सहयोग पुगेको धारणा व्यक्त गर्नुभयो । सांसद थकालीले थाकसातसय क्षेत्रको मुखिया प्रथा, त्यसको अगुवाको मिरमुखिया, परम्परागत धनुषवाण खेल यस समुदायको सम्पत्ति रहेको बताउनुभयो। "थकालीको महान पर्व तोरन्ल हो, यसपर्वमा फागुपूर्णिमा पनि जोडिन्छ, यस पर्वमा पनि सरकारले सार्वजनिक बिदा दिनुपर्छ", उहाँले भन्नुभयो। प्रतियोगितामा ११ गाउँका युवा सहभागी रहेको खेल संयोजक एवं थासाङ-४ का वडाध्यक्ष नरेन्द्र शेरचनले जानकारी दिनुभयो । प्रतियोगितामा सादा धनुषवाण प्रतियोगिता र आधुनिक आर्चरी प्रतियोगिता गरी दुई विधामा खेल आयोजना हुने संयोजक शेरचनले बताउनुभयो। त्यसअवसरमागाउँपालिकालेसामाजिक योगदान पुर्‍याउने विभिन्न व्यक्तित्वलाई सम्मान गरिएको थियो । थासाङ गाउँपालिका-४ स्थित आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माणका लागि तीन रोपनी जग्गादान गर्ने थासाङ-४ का जीवन शेरचन र विपना शेरचन, झिप्रा देउरालीस्थित स्वास्थ्य चौकी भवन निर्माणका लागि दुई रोपनी जग्गादान गर्ने सुकबहादुर परियार र सन्तमाया परियार र पर्यटक र तीर्थालुलाई सहयोग गर्ने शेरचन थासाङ-२ नाउरीकोटका इन्द्रसिंह शेरचनलाई पनि दोसल्ला र प्रमाणपत्रद्वारा सम्मान गरिएको थियो।

बेनी-जोमसोम सडकका सुपरभाइजर शेरचन छ वर्षदेखि निरन्तर काम गर्दै आउनुभएको छ। त्यसअवसरमा मुस्ताङका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसाल, न्यायाधिवक्ता देवेन्द्र आचार्य, थाक खेलकुद तथा सांस्कृतिक विकास सङ्घका अध्यक्ष कृष्णकुमार शेरचन, नेपाल आर्चरी सङ्घका केन्द्रीय सचिव योगेन्द्र शेरचन, गाउँपालिका अध्यक्ष प्रदीप गौचन, प्रमुख प्रशासकीय अधिकृत विकास परियार, वडाध्यक्ष नरेन्द्र शेरचन, थासाङ-२ का वडाध्यक्ष गौतम शेरचनले फागुपूर्णिमा तथा थकाली तोरन्ल पर्वका अवसरमा शुभकामना व्यक्त गर्नुभयो।

# सबै मिलेर अवस्था परिवर्तनका लागि काम गरौँ: महामन्त्री गगन

**रासस**
नवलपरासी, २९ फागुन

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले व्यवस्था परिवर्तनका नाममा जनतालाई भड्काउनेभन्दा सबै मिलेर अवस्था परिवर्तनका लागि काम गर्नुपर्ने बताउनुभएको छ।

पश्चिम नवलपरासीको सुनवलमा नेपाली कांग्रेस क्षेत्र नं २ (क) ले आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले हालसम्म भएका उपलब्धि र कमजोरीको समीक्षा गर्दै जनअपेक्षाअनुसार काम गरेर अगाडि बढ्नुको विकल्प नरहेको बताउनुभयो । "हामी सबैले आ-आफ्ना कमजोरी र गल्तीलाई सुधार्ने हो। दशकौँको सङ्घर्षपछि प्राप्त व्यवस्थाबाटै जनअपेक्षाअनुसार काम गर्ने थुप्रै सम्भावना छन् तर व्यवस्था फेर्ने नाममा समय खेर नफालौँ । लामो संघर्षपछि आएको संविधानमा भएका विभिन्न व्यवस्थालाई सुधार्दै, हाम्रा कमजोरी केलाउँदै अगाडि बढ्नुपर्छ", महामन्त्री थापाले भन्नुभयो । उहाँले हाल जनता भड्काउने काम भइरहेको भन्दै त्यसलाई असल काम र आवश्यक संवादमार्फत रोक्नुपर्ने धारणा राख्नुभयो । "हाल विविध कारणले रिसाएका नागरिकलाई थप भड्काउने प्रयत्न भइरहेको छ। कतिपय हाम्रै कारणले पनि त्यसमा मलजल पुगिरहेको छ। त्यसमा सचेत हुनैपर्छ। सुधारका लागि काम गर्नैपर्छ । नागरिकले सुशासन, विकास, हाम्रो राजनीतिक चालचलनबारे उठाइरहेका प्रश्नको सम्बोधन गर्नुपर्छ", महामन्त्री थापाको भनाइ थियो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

# नेकोस कपको उपाधिको लागि आयोजक सूर्य तारा र गन्नी फुटबल क्लब भिड्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २९ फागुन

दोस्रो संस्करणको नेकोस कप फुटबल प्रतियोगिताको उपाधिको लागि आयोजक सूर्य तार क्लब र गन्नी फुटबल क्लब भिड्ने भएका छन् । बिहीबार भएको दोस्रो सेमिफाइनल खेल मार्फत गन्नी फुटबल क्लब फाइनलमा पुगेपछि यो फाइनल भिडन्त पक्का भएको हो । गन्नीले डिफेन्डिङ च्याम्पियन एल सी ब्रदर्श युनाइटेडलाई १-० गोलअन्तरले पराजित गर्‍यो।

बिहीबार भएको प्रतिस्पर्धात्मक खेलको २९ औं मिनेटमा गन्नी फुटबल क्लबका विदेशी खेलाडी रिचार्ड अफेथाले गरेको गोल नै निर्णायक बन्न पुगेको थियो । उनी म्यान अफ दि म्याच समेत बन्न सफल भए। अब उपाधिको लागि शनिबार दिउँसो १ बजे सूर्य तारा र गन्नीले खेल्ने सूर्य तारा क्लबका अध्यक्ष तथा खेल महोत्सवका संयोजक विष्णु पुनले जानकारी दिए।

सुर्य ताराले पहिलो सेमिफाइनल खेलमा विष्णु पादुका क्लब हेम्जालाई २-० गोल अन्तरले पराजित गर्दै फाइनलमा पुगेको हो । फुटबल प्रतियोगितामा प्रथम हुनेले ४ लाख ४ हजार ४ सय ४४ रुपैयाँ सहित सिल्ड मेडल र प्रमाणपत्र हात पार्नेछ। द्वितीय हुने टोलीले २ लाख २ हजार २ सय २२ रुपैयाँ सहित सिल्ड मेडल र प्रमाणपत्र पाउनेछ । वेस्ट प्लेयरलाई १५ हजार र सर्वाधिक गोलकर्ताले १० हजार रुपैयाँ सहित ट्रफी मेडल र प्रमाणपत्र हात पार्ने अध्यक्ष पुनले जनाए । फुटबल प्रतियोगितामा १० टिमको सहभागिता रहेको थियो।

खेल महोत्सवमा फुटबलका अलावा खुला सामूहिक लोक नृत्य प्रतियोगिता, खुला महिला स्लो स्कुटर रेस प्रतियोगिता, राष्ट्रिय खुला महिला डोरीतान प्रतियोगिता, खुला टेबलटेनिस प्रतियोगिता, एथ्लेटिक्स प्रतियोगिता र जातीय सङ्घसंस्था स्तरीय झाँकी प्रदर्शनी प्रतियोगिता समेत समावेश रहेको नेपाल खेलकुद महासङ्घ कास्कीका अध्यक्ष ईश्वर अधिकारीले जानकारी दिए । अधिकारीका अनुसार शुक्रबार बिहान ११ बजेबाट सय मिटर खुला महिला स्लो स्कुटर रेस प्रतियोगिता र राष्ट्रिय खुला महिला डोरीतान प्रतियोगिता सञ्चालन हुनेछ। प्रतियोगिताको मुख्य प्रायोजकमा कर्माचार्य बेक्स एण्ड फुड्स प्रालि र सह प्रायोजकमा बन्दिपुर केबल कार प्रालि रहेका छन् । प्रवर्द्धकको रुपमा पोखरा महानगरपालिका, गण्डकी प्रज्ञा प्रतिष्ठान, राष्ट्रिय खेलकुद परिषद नेपाल, प्रदेश खेलकुद परिषद गण्डकी र नेपाल पर्यटन बोर्ड रहेको जनपरिचालन उपसमिति संयोजक समेत रहेका महासङ्घ कास्की अध्यक्ष अधिकारीले बताए । सूर्य तारा क्लब र नेपाल खेलकुद महासङ्घको संयुक्त आयोजनामा पोखरा २९ स्थित प्रस्तावित लेखनाथ रङ्गशालामा यो खेल महोत्सव भैरहेको छ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन एउटा कहिल्यै समाप्त नहुने बसन्त हो ।
– वी. पी. कोइराला

## सम्पादकीय

# घोषणामा सिमित नहोस् रोजगार प्रबर्द्धन दशक

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्वारा आयोजित रोजगार सम्मेललेआन्तरिक रोजगार प्रवर्धन दशकको रुपमा मनाउने भएको छारोजगार प्रवर्द्धन सफल कार्यान्वयनका लागि आवश्यक रणनीति, कार्यनीति र कार्यक्रम कार्यान्वयन गर्ने प्रतिबद्धता लिइएको छ । पाँचौ रोजगार सम्मेलनले १६ बुँदे घोषणापत्र जारी गर्दै रोजगार दशक सफल कार्यान्वयन गर्ने अठोट लिएको छा सरकार, रोजगारदाता, ट्रेड युनियन र अन्तर्राष्ट्रिय संस्थाको सहभागितामा कार्यान्वयन गरिने भएको छारोजगार प्रबर्द्धन सम्बन्धी रणनीति, कार्यनीति र कार्यक्रम कार्यान्वयन गर्ने गरी घोषणापत्र जारी भएको छा

मर्यादित रोजगारी सिर्जना गर्न र उद्यमशीलताको विकासका लागि घोषणापत्रको प्रभावकारी कार्यान्वयन चुनौतीपूर्ण छासरकारको अठोट भएर मात्र पुग्दैन लगानीको वातावरण आवश्यक छाविभागीय मन्त्रीले नै चुनौती रहेको स्वीकार गरेर त्यसलाई कार्यान्वयन गरिने प्रतिबद्धता जनाउनु सकारात्मक छा सबै पक्षसँग समन्वय गरी सबैलाई एक ठाउँमा ल्याएर एकद्वार प्रणालीमार्फत काम हुन सकेमा गन्तव्यमा पुग्न सहज हुन्छ । घोषणापत्रले श्रम बजारको मागका आधारमा सिपयुक्त जनशक्ति तयार गर्न राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान र निजी क्षेत्रका रोजगारदातासँग समन्वय एवं सहकार्य गर्ने नीति लिइएको छ । औपचारिक तथा अनौपचारिक क्षेत्रमा रहेका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्दै सामाजिक सुरक्षा सुनिश्चितसहितको पेन्सनेवल समाजको निर्माण गरिने घोषणापत्रमा उल्लेख छ ।

त्यसै गरी सरकारी क्षेत्रको सहजीकरण र निजी क्षेत्रको नेतृत्वमा तुलनात्मक लाभका नवीनतम एवं उदीयमान क्षेत्रमा लगानी अभिवृद्धि गरी आन्तरिक रोजगारी प्रवर्धन गर्ने र आन्तरिक रोजगार प्रवर्धन दशकका क्रियाकलाप आगामी आवधिक योजना, वार्षिक नीति कार्यक्रम तथा बजेटमा समावेश गरी कार्यान्वयन गर्दै लगिने घोषणापत्रमा उल्लेख छ । हाम्रा घोषणापत्र एकातिर कार्यक्रम र बजेट अर्कोतिर हुने गरेका छन।पुरानै ढर्रा हटाउन सक्छ कि सक्दैन त्यसमा निर्भर रहन्छ ।

सामाजिक सुरक्षा कोषको रकमलाई उच्च प्रतिफलयुक्त लगानीका माध्यमबाट राष्ट्रिय पुँजी निर्माण, विकास र परिचालन गरी श्रमिकको कल्याण अभिवृद्धि गर्ने योजनामा पनि यसमा समेटिएको छ । स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रको सुदृढीकरण र प्रविधिको अधिकतम प्रयोग गरी रोजगारदाता र श्रमिकका लागि साझा सूचना केन्द्रका रूपमा दिगो हुने गरी विकास गरिने विषयसमेत घोषणापत्रमा समेटिएको छ । हामी घोषणापत्र बनाउन र फाइलमा राख्न सक्षम छौं ।त्यसलाई कार्यान्वयन गर्ने बेलामा विभिन्न निहुँ खोज्न माहिर भएको हुँदा यो पनि त्यस्तै हुने त होइन भन्ने आशंका छ ।

घोषणापत्रमा वैदेशिक रोजगारीबाट फर्किएका कामदारको सिपको प्रमाणीकरण गरी उनीहरूले आर्जन गरेको सिप, पुँजी र अनुभवलाई उत्पादनशील कार्यमा उपयोग गरी उद्यमशीलताको थप विस्तार गरिने छ । प्रभावकारी श्रम कूटनीतिमार्फत वैदेशिक रोजगारलाई व्यवस्थित, सुरक्षित र मर्यादित बनाउँदै बाध्यात्मक रूपमा वैदेशिक रोजगारमा जानुपर्ने अवस्थाको अन्त्य गर्ने नीतिगत तथा कानुनी सुधार गर्ने प्रतिबद्धता पनि यसमार्फत गरिएको छ । सूचना प्रविधि र स्टार्टअप कार्यक्रमहरू तय गरी लागु गर्ने, प्राविधिक शैक्षिक संस्था तथा प्रशिक्षण प्रतिष्ठानसँगको सहकार्यमार्फत श्रम बजारको माग र आपूर्तिबिच रहेको सिपको खाडल पूरा गर्ने घोषणापत्रमा उल्लेख छ । श्घोषणापत्र को मर्म अनुसार रोजगार प्रवर्धन दशक कार्यान्वयनका लागि आवश्यक नीतिगत र प्रविधिगत परिमार्जन गर्नु जरुरी छा “सबैलाई सिप र सामाजिक सुरक्षासहितको रोजगार उपलब्ध गराउने रोडम्याप अघि बढाएर मात्र कार्यान्वयन हुन्छ भन्ने विश्वास जाग्नेछ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शुभ यात्रा | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : कार्यमा सफलता | मकर | : मानसिक तनाब |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# उच्च मावि तथा उच्च शिक्षा पढ्ने विद्यार्थीलाई पालिकाको अनुदान

**पोखरापत्र संवाददाता**
पर्वत, २९ फागुन

सरकारले माध्यमिक तहसम्मको पठनपाठन निःशुल्क उपलब्ध गराउँदै आएको छ । उच्च शिक्षा पढ्नका लागि भने विद्यार्थीले शुल्क भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।

आर्थिक रूपमा सबल विद्यार्थीले शुल्क तिरेरै भए पनि गुणस्तरीय शिक्षा लिइरहेका छन् । आर्थिक रूपमा विपन्न परिवारका विद्यार्थीले भने बीचैमा पढाइ छाडेर बस्नुपर्ने वा विदेश पलायन हुने गरेको अवस्थालाई मध्यनजर गर्दै पर्वतको महाशिला गाउँपालिकाले यस्ता विद्यार्थीलाई अनुदान उपलव्ध गराउन थालेको छ । पालिकाले आवश्यक दक्ष जनशक्ति उत्पादनका लागि उच्च शिक्षा पढ्न प्रोत्साहित गर्ने उद्देश्यले यो कार्यक्रम लागू गरिएको गाउँपालिकाले जनाएको छ । महाशिलाले उच्च मावि, स्नातक वा स्नातकोत्तर अध्ययन गर्ने विद्यार्थीलाई छुट्टाछुट्टै अनुदान दिइने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवेन्द्र पाण्डेयले जानकारी दिनुभयो । उच्च माविमा गणित, विज्ञान तथा नर्सिङ अध्ययन गर्ने विद्यार्थीहरूलाई प्रोत्साहनस्वरुप वार्षिक रु ५० हजार उपलब्ध गराइने उहाँले बताउनुभयो । यस वर्ष विपन्न तथा जेहेन्दार विद्यार्थीलाई उक्त अनुदान उपलब्ध गराइने पाण्डेयले जानकारी दिनुभयो ।

यसैगरी, विपन्न तथा असहाय परिवारका विद्यार्थीलाई उच्च शिक्षामा सहज पहुँच पुऱ्याउनका लागि मेडिकल, इन्जिनियरिङ, कृषि र भेटेरिनरी विषयमा स्नातक अध्ययन गरिरहेका वा अध्ययन गर्न इच्छुकलाई पनि अनुदान दिइने भएको छ । यस्ता विद्यार्थीलाई वार्षिक रु एक लाख अनुदान उपलब्ध गराइने पाण्डेयले बताउनुभयो । जतिसुकै सङ्ख्यामा भए पनि स्नातक तहका विद्यार्थीलाई अनुदान दिइने पालिकाले जनाएको छ । गाउँपालिकाका अध्यक्ष ईश्वरीप्रसाद भुसालले आर्थिक अभावका कारण कोही पनि विद्यार्थी गुणस्तरीय शिक्षाबाट वञ्चित नहोऊन् भन्ने उद्देश्यले विद्यार्थी अनुदान कार्यक्रम सञ्चालन गरिएको बताउनुभयो । उहाँका अनुसार गाउँपालिकाले मङ्गलबार एक सूचना जारी गरी १५ दिनभित्र इच्छुक विद्यार्थीलाई पालिकामा सम्पर्क गर्न आग्रह गरिसकेको छ। हाल गाउँपालिकामा कृषि, पशु, स्वास्थ्यसम्बन्धी जनशक्ति र गणित तथा विज्ञान पढाउने शिक्षकको अभाव रहेको छ । यसैले यस्ता विषय अध्ययन गर्ने विद्यार्थीलाई वार्षिक रु एक लाखका दरले चार वर्षसम्म अनुदान दिइने उहाँले बताउनुभयो । पालिकामा विज्ञान र गणित पढाउने शिक्षकको अभाव लामो समयदेखि खड्किँदै आएको छ । पटक पटक सूचना गर्दा पनि यी विषयका शिक्षक पदपूर्ति गर्न मुस्किल हुने गरेको अध्यक्ष भुसालले बताउनुभयो । त्यसैले गाउँपालिकाभित्रबाट उच्च शिक्षामा विज्ञान र गणित तथा नर्सिङ पढ्ने विद्यार्थीलाई वार्षिक ५० हजारका दरले चार वर्षसम्म सहयोग गर्ने कार्यक्रमसमेत जनशक्तिकै अभाव टार्नका लागि लागू गरिएको उहाँको भनाइ छ ।


उक्त सुविधा लिने विद्यार्थीले पढाइ सकिएपछि न्यूनतम दुई वर्ष पालिकामा सेवा गर्नुपर्ने सर्त राखिएको छ । यस्तो अनुदानले विद्यार्थीहरूलाई मासिक शुल्क भुक्तानी र स्टेसनरी खरिदलगायतमा सहजता हुने पालिकाको अपेक्षा छ । पछिल्ला केही वर्षयता गाउँपालिकाले शिक्षाको गुणस्तर वृद्धिलाई जोड दिँदै आएको छ । पालिकाका सबै सामुदायिक विद्यालयमा अङ्ग्रेजी माध्यममा पढाइ गर्न थालेपछि पालिकाभित्रका निजी विद्यालयहरू विस्थापित बनेका छन् । जिल्लाका सात पालिकामध्ये महाशिला मात्रै निजी विद्यालय नभएको पालिका रहेको अध्यक्ष भुसालले बताउनुभयो ।

# ‘व्याक टु नाइन्टिज’को सेकेण्ड एडिसन वालिङमा

**पोखरापत्र संवाददाता**
पोखरा २९ फागुन

सांगीतिक विरासत फर्काउन पोखराबाट शुरु भएको ‘व्याक टु नाइन्टिज’ विरासतलाई फर्केर हेर्दा कार्यक्रमको सेकेण्ड एडिसन (दोश्रो श्रृंखला)शुक्रबार स्याङ्जाको वालिङमा हुँदैछ ।

पोखराको अपार सफलतापछि ‘व्याक टु नाइन्टिज’को देशव्यापी अभियान अन्तर्गत स्याङ्जाको वालिङ बजारमा ‘व्याक टु नाइन्टिज’को सेकेण्ड एडिसन हुन लागेको हो । चेम्बर अफ कमर्स वालिङ र ट्रिनिटी क्लव वालिङको संयुक्त आयोजनामा हाल वालिङ बजारमा आयोजना भइरहेको प्रथम पिङ्क सिटी महोत्सवको अवसरमा ‘व्याक टु नाइन्टिज’ अन्तर्गत पोखराका ६ वटा व्याण्डहरु गुञ्जिने छन् । नब्बेको दशकमा व्याण्डहरुको राजधानी बनेको पोखराको विरासत फर्काउने अभियान अन्तर्गत वालिङमा दोश्रो श्रृंखला हुन लागेको ‘व्याक टु नाइन्टिज’का संयोजक तथा गण्डकी प्रज्ञा प्रष्ठिानका सदस्य सचिव मनकुमार श्रेष्ठले जानकारी दिए । कार्यक्रममा नब्बेको दशकमा उदाएर राष्ट्रिय/अर्न्तराष्ट्रिय ख्याती कमाउन सफल डि-मर्चा,




लेकाली, देउराली, ब्रोसिस, मध्याह्न र भेगाबोण्ड व्याण्ड गुञ्जिने उनले बताए । स्थानिय व्यवसायी तथा समाजसेवीहरु बिजय मल्ल, बिजयविक्रम खाँड, सुनिल खनाल, टेकबहादुर कार्की, बिरेन्द्र केसी र सोनी खानको विशेष सहयोगमा आयोजित कार्यक्रममा सहभागीले आफूलाई ९० को दशकमा फर्किएर आफू हुर्किएको समय, परिवेश र माया, पिरती साट्दाको समयसँग रिलेट गर्दै मनोरञ्जन लिन सक्नेछन् ।

वालिङमा हुने सेकेण्ड एडिसनसँगै ‘व्याक टु नाइन्टिज’को देशव्यापी अभियान शुरु हुने पोखरा सांगीतिक कलाकार संघका अध्यक्ष हर्कराज गुरुङ (भाई)ले बताए ।

९० को दशकमा उदाएर पोखरालाई व्याण्डहरुको राजधानी बनाएका यी व्याण्डहरुले सोहि विरासत फर्काउन संघका सचिव भाष्करध्वज श्रेष्ठको ‘व्याक टु नाइन्टिज’को कन्सेप्ट जन्मिएको हो । पोखराको अपार सफलतासँगै यो अभियान देशव्यापी लैजाने तयारीमा कलाकार संघ रहेको छ । वालिङपछि म्याग्दीको बेनी, लमजुङको बेशीसहर, चितवन भरतपुरको नारायणी किनार, विराटनगर, ईलाम, विर्तामोड, भक्तपुर, ललितपुर र काठमाडौंलगायतका ठाउँमा गर्ने तयारी भइरहेको सचिव श्रेष्ठले जानकारी दिए ।

कार्यक्रममार्फत संघले सुसुप्त अवस्थामा रहेका पुराना सांगीतिक व्याण्डहरुको पुर्नजागरण गर्ने र नया पुस्तालाई संगीतमा लागेरपनि भविष्य बनाउन सकिन्छ भन्ने सन्देश दिदै पर्यटनको राजधानी पोखरालाई रिब्राण्डिङ गर्ने, आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने, गीत, सङ्गीतमार्फत् निराशाको निवारण र आशाको धुन सञ्चार गर्नेलगायतका उद्देश्य रहेको छ । अभियानमा पोखरा महानगरपालिका प्रवर्द्धकका रुपमा रहनेछ ।

# त्रिवि केन्द्रीय क्याम्पसमा अध्यक्षका लागि १७ जनाको उम्मेदवारी

**रासस**
काठमाडौं, २९ फागुन

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय (त्रिवि) केन्द्रीय क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनको अध्यक्ष पदका लागि १७ जनाको उम्मेदवारी परेको छ ।

क्याम्पसले सार्वजनिक गरेको अन्तिम उम्मेदवारको सूचिमा अनेर ास्ववियु, नेपाल विद्यार्थी सङ्घ, अनेरास्ववियु क्रान्तिकारी र स्वतन्त्र विद्यार्थी समूहलगायत स्वतन्त्रले अध्यक्ष पदका लागि उम्मेदवारी दिएका क्याम्पस निर्वाचन अधिकृत प्राडा कृष्णप्रसाद न्यौपानेले जानकारी दिनुभयो । उहाँका अनुसार अनेर ास्ववियुबाट सिद्धान्त भट्ट, नेपाल विद्यार्थी सङ्घबाट दीपकराज जोशी, अखिल (क्रान्तिकारी)बाट प्रवीन दाहाल, स्वतन्त्र विद्यार्थी समूहबाट दिनेश कार्की, नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घबाट विलम सुवाल, नेपाली विद्यार्थी मञ्चबाट अक्कल रानाभाट, नयाँ शक्ति विद्यार्थी युनियनबाट नरेन्द्र सिंह महरा, स्वतन्त्र विद्यार्थी (त्रिवि)बाट उज्जलवहादुर खड्का, स्वतन्त्रबाट पद्मा भुसाल, सनम वली र दिप्रसन केसीलगायतले उम्मेदवारी दर्ता गराउनुभएको छ । त्रिवि केन्द्रीय क्याम्पसमा ६ हजार १४६ मतदाता रहेका छन् ।

त्रिविले स्ववियु निर्वाचनको प्रचारप्रसारको समय फागुन २९ गते दिनको २ बजेदेखि चैत २ गते राति १२ बजेसम्मका लागि तोकेको छ । स्ववियु निर्वाचनमा आगामी चैत ५ गते त्रिवि अन्तर्गतका क्याम्पसमा हुँदै छ ।

# दरखोलामा मुना र दर गाउँ जोड्ने झोलुङ्गे पुल निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, २९ फागुन

म्याग्दीको धवलागिरी गाउँपालिका–३ स्थित दरखोलामा तीन सय ५५ मिटर लामो झोलुङ्गे पुल निर्माण सुरु भएको छ ।

मुना र दर गाउँ जोड्ने झोलुङ्गे पुल निर्माणका लागि गत जेठ महिनामा रु. दुई करोड ३१ लख ३६ हजार सात सय ५० मा ठेक्का सम्झौता गरेको निर्माण कम्पनीले मुनातर्फको जिप निर्माण सकेको र दरतर्फ अन्तिम चरणमा पुऱ्याएको छ ।

पचास प्रतिशत निर्माण सकिएको यो पुलबाट धवलागिरी. ३ र ४ मा पर्ने एक हजार दुई सय घरपरिवारका साथै धौलागिरी चक्रीय पदमार्गमा जाने पर्यटकहरु लाभान्वित हुने धवलागिरी–३ का वडा अध्यक्ष देवेन्द्र रोकाले बताउनुभयो । दर, मुदी, खिवाङ, नेरवाङ, बगर, नाउराका बासिन्दालाई गाउँपालिकाको केन्द्र मुना आउन जान तीस मिनेट घुमाउरो र उकालो बाटो पाँच मिनेटमा छोटिने उहाँले बताउनुभयो । यसैगरी दर गाउँका विद्यार्थीहरुलाई मुनाको धवलागिरि र फलीयागाउँको धनजनता माविमा आउन जान पनि सहज हुने भएको छ । विसं २०८२ को मंसिर महिनासम्मको म्याद भएपनि यसै आर्थिक वर्षभित्र पुल निर्माण सम्पन्न गर्ने तयारीका साथ काम भइरहेको निर्माण कम्पनीका सञ्चालक प्रदिप सापकोटाले बताउनुभयो ।

# प्रधानमन्त्री कप पुरुष क्रिकेटः एपीएफ क्लब विजयी

**रासस**
काठमाडौं, २९ फागुन

दाङको लमहीस्थित देउखुरी अन्तरराष्ट्रिय क्रिकेट रङ्गशालामा जारी नेपाल टेलिकम प्रधानमन्त्री कप पुरुष क्रिकेट प्रतियोगितामा विभागीय टीम एपिएफ क्लबले मधेश प्रदेश विरुद्ध दुई विकेटले जित निकालेको छ ।

बिहीबार भएको खेलमा कमलसिंह ऐरीको अलराउण्डर प्रदर्शनमा एपिएफले मधेश प्रदेशलाई पराजित गरेको हो । मधेश प्रदेशले दिएको १६९ रनको लक्ष्य एपिएफले ३६ दशमलव ५ ओभरमा ८ विकेटको क्षतिमा पुरा गऱ्यो । ऐरीले ३ छक्काको सहयोगमा अविजित २८ रन बनाए । सामान्य लक्ष्य पछ्याउने क्रममा सुमित महर्जन ३५ रनमा पेभेलियन फर्किए पछि केही दबाबमा परेको एपिएफलाई कमलसिंह ऐरीले उत्कृष्ट खेल्दै जित दिलाए ।

मधेश प्रदेशका कमल गुप्ताले १० ओभरमा १ मेडनसहित ४० रन खर्चेर ४ विकेट लिए । प्रदीप पासवानले १ मेडनसहित २८ रन दिएर २ विकेट लिए । रुपेश सिंह र हरिशंकर शाहले १-१ विकेट लिए । यसअघि, टस जितेर पहिले ब्याटिङ गरेको मधेश प्रदेशले निर्धारित ५० ओभरको खेलमा ४० दशमलव ४ आभेरमा सबै विकेट गुमाउँदै १६८ रन बनाएको थियो । मधेशका कप्तान अनिलकुमार साह र मयन यादवले ३१ रन बनाएर खेलिरहेको बेला भुवन कार्कीको बलिङमा यादव बोल्ड आउट भएपछि मधेशको विकेट पतन सुरु भएको थियो । नेपाल क्रिकेट सङ्घ क्यानको आयोजना, प्रदेश क्रिकेट सङ्घको समन्वय तथा दाङ क्रिकेट सङ्घको व्यवस्थापनमा जारी प्रतियोगितामा ३ विभागीयसहित सात प्रदेशका टीम सहभागी छन् ।

दाङसहित रुपन्देहीको सिद्धार्थ क्रिकेट रङ्गशाला र एक्स्ट्राटेक ओभलमैदानमा एकैसाथ सुरुभएको प्रतियोगिताका खेलहरु राउण्ड रोविनका आधारमा भइरहेका छन् । आगामी चैत १६ गतेसम्म चल्ने प्रतियोगिता अन्तर्गत दाङमा १४ वटा खेल हुने तालिका छ ।

# न्यून ‘भिजिबिलिटी’का कारण एक सातादेखि उडान प्रभावित

**रासस**
काठमाडौं, २९ फागुन

एयर अरेबियाको जहाजले आज दिउँसो १ बजेर ५ मिनेटमा काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्नै लाग्दा ‘मिस एप्रोच ओभरसुट’ भयो ।

काठमाडौँ विमानस्थलमा एप्रोच लिएको उक्त जहाजले अवतरण हुनै लाग्दा नरेफाँटमाथिबाट एक्कासी ओभरसुट गऱ्यो । हावाको गति नमिलेको ‘विन्ड सियर’ भएर विमानले मिस एप्रोच गरेको विमानस्थलका प्रवक्ता रिञ्जी शेर्पाले बताउनुभयो । “एयर अरेबियाको जहाजले काठमाडौँ विमानस्थलमा फाइनल एप्रोच लिँदा मिस एप्रोच भएको छ”, उहाँले भन्नुभयो, “दुई तर्फको हावा मिसिएपछि भुमरीजस्तो हुनेलाई विन्ड सियर भनिन्छ । जसका कारण जहाज हल्लिएर मिस एप्रोच भएको थियो ।” त्यसैगरी नयाँ दिल्लीबाट काठमाडौँ आएको एयर इण्डियाको जहाजले आजै सिमरा माथिको आकाशमा होल्ड भइ चार फन्को मारेपछि भर्खरै काठमाडौँमा अवतरण भएको फ्लाइट राडर्डले जनाएको छ । सँगै बैङ्ककबाट आएको थाइ लाइन एयरको जहाज पनि केहीबेरदेखि होल्डमा परेको थियो । यसअघि बुधबार जापानको नारिताबाट आएको नेपाल एयरलाइन्सको जहाज केही समय होल्ड भएपछि अवतरण भयो । कतारको दोहाबाट आएको कतार एयरवेज र भारतको नयाँ दिल्लीबाट आएको एयर इन्डिया, मलेसियाको क्वालालम्पुरबाट आएको बाटिक एयर, दुबईबाट आएको फ्लाई दुबईको जहाज पनि होल्ड भएका थिए । त्यतिमात्रै हैन भैरहवाबाट आएको फ्लाइ दुबई, धनगढीबाट आएको बुद्ध एयर, पोखराबाट आएको यति एयरलाइन्सका विमान कम भिजिबिलिटीका कारण होल्डमा परेका थिए । प्रतिकूल मौसमका कारण पछिल्लो एक सातादेखि मुलुकको उडान सामान्य प्रभावित भइरहेको छ ।

प्रतिकुल मौसमका कारण आवश्यक भिजिबिलिटी नहुँदा र आन्तरिक र अन्तरराष्ट्रिय हवाई उडान प्रभावित भइरहेको त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलले जनाएको छ । विमानस्थलका प्रवक्ता शेर्पाका अनुसार मौसममा आएको खराबीका कारण अन्तरराष्ट्रिय हवाई उडान बढी प्रभावित भइरहेको छ। नेपालमा अहिले प्रि-मनसुनी गतिविधि सक्रिय भइरहेको र वर्षा गराउने मौसमी प्रणालीको विकास भइरहेकाले मौसम प्रतिकूल हुँदा न्यून भिजिबिलिटी तथा हावाको गति नमिलेका कारण अन्तरराष्ट्रिय उडानका जहाज होल्ड र मिस एप्रोच हुने गरेको प्रवक्ता शेर्पाले जानकारी दिनुभयो । अन्तरराष्ट्रिय उडानका जहाज काठमाडौँ विमानस्थलको धावनमार्गको पश्चिमतर्फ ‘जिरो टु’बाट मात्रै अवतरण गर्नुपर्ने हुन्छ । आन्तरिक उडानका जहाजलाई लामो रनवे भएकाले दुवैतर्फबाट अवतरण गर्न मिल्ने भएकाले त्यतिधेरै समस्या नरहेको विमानस्थल कार्यालयले जनाएको छ ।

# घाम्लुङको गंगेकुल मन्दिरमा कुलपुजा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २९ फागुन

कास्की जिल्लाको मादी गाउँपालिका वडा नं. ३ पोखरा खेतमा अवस्थित गंगे कुलमन्दिरमा कुलपुजा तथा श्रीमद् भागवत वाचन गरिएको छ।

साविक थुमाकोडाँडा गाविस हाल मादि गाउँपालिका वडा नं. ३ र ४ का हरेस्वारा, स्याँगे, पोखरा खेत र घाम्लुङका भारद्धाज गोत्रिय रानाभाट वन्धुहरुले हरेक ३/३ वर्षमा कुल पुजा गर्दै आएको पुजा संयोजक ज्यो. रुद्रप्रसाद रानाभाटले वताए।



कुल पुजाको साथमा वाचकी पं. विष्णु प्रसाद गौतम र उपवाचकी पं. शैलन्द्र रमण अधिकारी सहितको ब्राह्मणहरुद्धारा श्रीमद्भागवत, चण्डिपाठ, सत्यनारायण, रुद्री पुजा र होम गरिएको थियो।

कुलपुजामा प्रत्यक्ष ११० घरपरिवार भएतापनि नाता इष्टमित्रहरु हजारौंको संख्यामा उपस्थिति रहेको उक्त कुलपुजा व्यवस्थित रुपमा संचालन गर्न मादी ३ का जनप्रतिनिधि तेजबहादुर रानाभाटको संयोजकत्वमा युवा परिचालन समिति, आर्थिक संकलन समितिको संयोजकमा लेखनाथ रानाभाट र भोजन व्यवस्थापन समितिको संयोजकमा पितृराज रानाभाट रहेका थिए।

# थकाली समुदायमा 'तोरन ल्ह' पर्वको रौनक

**पोखरापत्र संवाददाता**
म्याग्दी, २९ फागुन

म्याग्दी र मुस्ताङमा बसोबास गर्ने अल्पसङ्ख्यक थकाली समुदायले बिहीबारदेखि तोरन ल्ह (फागुपूर्णिमा) पर्व मनाउन सुरु गरेका छन्।

नेपालका विभिन्न क्षेत्रमा ११ हजारको सङ्ख्यामा बसोबास गर्ने थकाली समुदायले हरेक वर्ष फागुपूर्णिमाको अवसरमा परम्परागत तोरन ल्ह पर्व मनाउने गर्दछन् । फागुपूर्णिमाको अघिल्लो दिन सुरु हुने तोरनल्ह तीन दिनसम्म मनाउने चलन रहेको थकाली सेवा समिति बेनी क्षेत्रका अध्यक्ष जगनारायण



गौचनले बताउनुभयो। "तीन दिन सबैरे उठेर शुद्ध भई पितृहरूलाई सम्झिएर पूजाआजा गर्ने र फूलप्रसाद चढाउनुपर्छ", उहाँले भन्नुभयो, "आफन्तलाई बोलाएर मीठामीठा परिकार खुवाउने र आर्चरी (तारो हान्ने) खेल्ने चलन छ।" मुस्ताङको थासाङ गाउँपालिकाको कोवाङ थकाली समुदायको उद्गमस्थल मानिन्छ।

घरपझोङ र थासाङ गाउँपालिकामा थकाली समुदायको बाहुल्य बसोबास छ । म्याग्दीको दाना, भुरुङ तातोपानी, बेनी, दरवाङलगायत बजार क्षेत्रमा थकाली समुदायको बसोबास छ।

तोरन ल्ह मनाउन घरबाहिर र विदेशमा रहेका थकालीहरू आफ्नो जन्मथलो फर्किएका छन् । तोरन ल्हमा थकाली समुदायले घर सिँगारपटार गरेका छन्।

तोरन्ल्ह पर्वको अवसरमा थकाली समुदायका पुरुषहरू परम्परागत तारो हान्ने खेल खेलेर रमाइलो गर्दछन्। महिलाहरू भने मौलिक वेशभूषामा सजिएर नाचगान गर्ने, गोटा खेल्ने र शुभकामना साटासाटा गरेर तोरन्ह मनाउँछन्।

# सगरमाथा आरोहणको तयारी तीब्र, बाटो बनाउन 'आइसफल डाक्टर'

**राासस**
काठमाडौं, २९ फागुन

वसन्त ऋतुको आगमनसँगै सगरमाथा आरोहणका लागि आवश्यक तयारी सुरु गरिएको छ । आरोहीहरूलाई सुरक्षित बाटो उपलब्ध गराउन 'आइसफल डाक्टर'को दश जनाको टोली आधार शिविरतर्फ प्रस्थान गरेको सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपिसिसी)ले जनाएको छ।

एसपिसिसीका व्यवस्थापनमा खुम्बु आइसफल क्षेत्रको बाटो निर्माण तथा मर्मतको काम गरिँदै आएको अध्यक्ष लामाकाजी शेर्पाले बताउनुभयो । उहाँका अनुसार वसन्त ऋतु हिमाल आरोहणका लागि सबैभन्दा अनुकूल समय भएकाले अनुभवी 'आइसफल डाक्टर' टोली आवश्यक उपकरण तथा सामग्रीसहित नाम्चेबाट आधार शिविरतर्फ अघि बढेको छ।

टोलीमा आधार शिविर व्यवस्थापक छिरिङतेन्जिङ शेर्पासहित आठजना अनुभवी 'आइसफल डाक्टर' छन्। दुईवटा छुट्टाछुट्टै टोली गठन गरिएको छ, जसको नेतृत्व आङसर्की शेर्पा र दावाजाङ्बु शेर्पाले गर्नुभएको छ। टोलीमा दाबानुरु शेर्पा, निमतेन्जी शेर्पा, मिङ्माग्याल्जेन शेर्पा, दाबाछिरी शेर्पा, लाक्पासोना शेर्पा र तेन्डु शेर्पा रहेका छन् । सन् १९९७ देखि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गतको पर्यटन विभागले एसपिसिसीलाई खुम्बु आइसफल मार्ग निर्माण तथा मर्मतको जिम्मेवारी दिँदै आएको छ । हिमाल आरोहण मार्ग बनाउन अत्यन्त जोखिमपूर्ण मानिन्छ । खुम्बु आइसफल क्षेत्र सबैभन्दा खतरनाक भागहरूमध्ये एक हो, जहाँ हिउँको विशाल ढिस्को, भ्वाङ, अनि हिमपहिरोको खतरा रहन्छ । टोलीले सगरमाथाको दोस्रो आधार शिविरसम्म जाने बाटो निर्माण गर्नुपर्ने हुन्छ, जसका लागि डोरी टाँग्ने, जोखिमपूर्ण स्थानमा भऱ्याङ राख्ने, हिउँ तथा बरफको अस्थिर संरचनाहरूलाई स्थिर बनाउनेजस्ता कार्य गर्नुपर्ने हुन्छ।




**परम्परागत विधि र साइत हेर्ने परम्परा**

सगरमाथा आरोहणको मार्ग निर्माण कार्य परम्परागत विधि तथा साइत हेराइ पूरा गरेपछि मात्र अघि बढाइने गरिएको छ। एसपिसिसीका अनुसार आरोहण मार्ग निर्माण कार्य सुरु गर्न बौद्ध परम्पराअनुसार विशेष पूजा गरिन्छ । यस क्रममा स्थानीय लामा गुरुहरूले पूजाआजा गरी पर्वत देवतालाई खुसी पार्ने प्रयास गर्छन्। पर्वत देवताको कृपा प्राप्त गरेपछि मात्र आइसफल क्षेत्रजस्तो जोखिमयुक्त क्षेत्रमा पाइला राख्ने चलन रहेको अध्यक्ष शेर्पाले बताउनुभयो । मार्ग निर्माणअघि बढाउन परम्परागत विधिअनुसार साइत हेरिन्छ । त्यसपछि मात्रै बाटो निर्माणको काम अगाडि बढाइन्छ। अध्यक्ष शेर्पाअनुसार यस विधिले आरोहीहरूको सुरक्षालाई सुनिश्चित गर्ने विश्वास रहँदै आएको छ। दोस्रो आधार शिविरसम्मको बाटो बनाउन झन्डै २० दिन लाग्ने अनुमान गरिएको छ तर मौसम प्रतिकूल भएमा यो अवधि लम्बिनसक्ने अनुमान गरिएको छ। आधार शिविरदेखि माथिल्लो भागसम्मको बाटो बनिसकेपछि मात्र व्यावसायिक आरोही टोलीहरूलाई आरोहणको अनुमति दिइनेछ।

सगरमाथा क्षेत्रमा आरोहण मार्ग निर्माण तथा मर्मतका लागि एसपिसिसीले विदेशी आरोहीहरूबाट शुल्क लिँदै आएको छ। प्रत्येक विदेशी आरोहीबाट ६०० अमेरिकी डलर लिने व्यवस्था छ। यो शुल्क मार्ग निर्माण, मर्मत तथा वातावरणीय सरसफाइका लागि प्रयोग गरिन्छ। एसपिसिसीले आरोहण अनुमति जाँच गर्नाका साथै आधार शिविर क्षेत्रमा वातावरण संरक्षणसम्बन्धी विभिन्न गतिविधिहरू सञ्चालन गर्दै आएको छ। सगरमाथा आरोहणका लागि बाटो निर्माण गर्ने यी 'आइसफल डाक्टर'हरूले जोखिम मोलेर हिउँकोपुल बनाउने, आरोहीहरूको सुरक्षाका लागि मार्ग पहिल्याउने र अत्यधिक जोखिमपूर्ण क्षेत्रमा आधारभूत संरचना तयार गर्ने काम गर्छन् । "उनीहरूबिना आरोहीहरूको सफल यात्रा कल्पनै गर्न सकिँदैन । हामीले बाटो बनाउने र सरसफाइ गर्ने सबै काम गर्छौं । पर्यटन मन्त्रालयसँगको सम्झौताअनुसार हाम्रा दायित्व पूरा गरिरहेका छौं। हाम्रो आम्दानीको मुख्य स्रोत नै यही शुल्क हो", एसपिसिसी अध्यक्ष शेर्पाले भन्नुभयो ।

**सगरमाथा आरोहणको तयारी तीव्र**

वसन्त ऋतुको आगमनसँगै सगरमाथा आरोहणको तयारी तीव्र पारिएको छ। आरोहीहरूको सुविधाका लागि आवश्यक सबै कार्य अघि बढाइएको छभने सुरक्षालाई उच्च प्राथमिकता दिइएको छ। वातावरण संरक्षणको दृष्टिकोणले समेत एसपिसिसीको टोली सक्रिय रहेको छ।

यस वर्ष आरोहण मौसममा कति आरोहीहरू सगरमाथा चढ्नेछन् भन्ने विषयमा अझै निश्चित तथ्याङ्क आइसकेको छैन तर विगतका वर्षहरूसँग तुलना गर्दा ठूलो सङ्ख्यामा आरोहीहरू आउने अपेक्षा गरिएको छ। "यस वर्ष पनि सगरमाथा आरोहणमा ठूला व्यावसायिक टोलीहरू आउने सम्भावना छ । हामीले आधार शिविरमा पूर्वाधार निर्माण तथा आरोहीहरूको सुरक्षाका लागि आवश्यक तयारी गरिरहेका छौं । हिमाली पर्यटन नेपालको अर्थतन्त्रका लागि अत्यन्तै महत्वपूर्ण भएकाले हामी सबैसँग समन्वय गरेर सुरक्षित आरोहणको वातावरण सिर्जना गर्नेछौं", अध्यक्ष शेर्पाले भन्नुभयो। यस्तै, पर्यटन व्यवसायी बलबहादुर दर्नाल मौसम अनुकूल रह्यो भने यो सिजन निकै सफल हुने बताउनुहुन्छ। "हामी यो वर्ष पनि ठूलो सङ्ख्यामा आरोहीहरू आउने अपेक्षा गर्दैछौं । सुरक्षित आरोहणका लागि मार्ग निर्माण, सरसफाइ, वातावरण संरक्षण तथा आवश्यक तयारी गरिरहेका छौं। यो सिजन पनि सफल हुने विश्वास छ", उहाँले भन्नुभयो।

सगरमाथा आरोहणमा संलग्न सबै निकायहरू पूर्ण रूपमा तयारीमा जुटेका छन् । आरोहीहरूको सुविधाका लागि आधार शिविरदेखि माथिल्लो भागसम्म आवश्यक उपकरण, खाद्य सामग्री र सञ्चार सुविधाहरू उपलब्ध गराइँदैछ । स्थानीय शेर्पा गाइडहरूलाई विशेष तालिम प्रदान गरिएको छभने हिमाली वातावरणको दीर्घकालीन संरक्षणका लागि विभिन्न नीति तथा कार्यान्वयन योजनाहरू अघि सारिएको छ।

# फागुन शुक्ल पूर्णिमा: हिमाली र पहाडी जिल्लामा मनाइयो होली पर्व

**रासस**
काठमाडौं, २९ फागुन

फागु पूर्णिमा अर्थात् होली पर्व बिहीबार हिमाली एवं पहाडी जिल्लामा हर्षोल्लासका साथ एकापसमा रङ र लोला खेली आपसी सद्भाव साटेर मनाइएको छ।

हिमाली र पहाडी जिल्लामा प्रत्येक वर्ष फागुन शुक्ल पूर्णिमाका दिन फागु पूर्णिमा पर्व मनाइन्छ । तराईका जिल्लामा भने भोलिपल्ट यो पर्व मनाउने चलन छ । वसन्त ऋतुको आगमनसँगै आपसी मेलमिलाप र सद्भावनाको सन्देश लिई आउने फागु पर्व आज परम्परागत रूपमा विभिन्न रङ र लोला खेली मनाइएको हो। केही वर्ष अघिसम्म उपत्यकामा उत्ताउलो रुपमा मनाइने यो पर्व प्रहरीको सक्रियताका कारण पछिल्लो समय अनुशासित बन्दै गएको छ।

बिहीबार काठमाडौँको वसन्तपुरमा उपस्थित मानिसले वातावरणलाई नै रङ्गीचङ्गी तुल्याउँदै पर्व मनाएका छन् । फागुन शुक्ल अष्टमीका दिन त्यहाँ गाडिएको चीरलाई विधिपूर्वक ढाली बाजागाजाका साथ टुँडिखेलमा लगी जलाउने चलन छ। उक्त चीरमा राखिएका ध्वजापताकाहरूऔषधोपचारको काममा आउने विश्वासका साथ लुछाचुँडी गरी लिने र अनिष्ट टर्छ भनी चीरको खरानीको टीका लगाइन्छ।

फागुन शुक्ल अष्टमीका दिन वसन्तपुरस्थित गद्दी बैठकअगाडि मैलको रुखलाई रङ्गीचङ्गी ध्वजापताका साथ सिँगारी गाडिएको चीरमा पूजाआजा गरेपछि फागु शुरु भएको थियो । आजै राति टुँडिखेलमा 'गुरुमापा' नामक राक्षसलाई इटुम्बहालदेखि कहीँ पनि नबिसाई ल्याइएको दश पाथी चामलको भात र एउटा राँगाको मासु खुवाई सैनिक अस्पतालभित्र रहेको 'जधु' नामक धारामा चुठाउने चलन छ । त्रेता युगमा दैत्यराज हिरण्यकश्यपुले विष्णुभक्त आफ्ना पुत्र प्रह्लादलाई मार्ने उद्देश्यले ब्रह्माबाट आगोले छुन नसक्ने वरदान पाएकी आफ्नी बहिनी होलिकालाई प्रह्लादका साथ दन्किरहेको आगोमा पस्न लगाउँदा होलिका आफैँ भष्म भएकी तर भक्त प्रह्लादलाई आगोले छुन नसकेको कथा यो पर्वसँग जोडिएको छ।

त्यसै बेलादेखि शक्तिको दुरूपयोग गर्ने पापी प्रवृत्तिकी प्रतीक बनेकी होलिका मारिएको उपलक्ष्यमा होली (फागु) खेल्ने परम्परा चलेको विश्वास गरिन्छ। यसैगरी द्वापर युगमा श्रीकृष्ण भगवान्लाई मार्न कंशद्वारा पठाइएकी राक्षसनी पुतनाले आफ्नो विष दलिएको स्तन चुसाउन लाग्दा असफल भई मारिइन् । निजलाई ब्रजवासीले जलाई फागु महोत्सव मनाउने परम्परा चलेको पनि धर्मग्रन्थमा उल्लेख गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका सदस्य प्रा डा देवमणि भट्टराईले राससलाई जानकारी दिनुभयो।

राम्रो तरिकाले तयार पारिएका रङ र अबिरले छालाको रोग निवारण गर्ने भएकाले यस्ता रङको प्रयोग गरी फागु खेल्नाले शीतकालमा शरीरमा उत्पन्न कफको विनाश हुन्छ। बालिएको चीरको धुवाँबाट शीतकालका अनेकौँ रोगका कीटाणु निर्मूल हुने हुनाले यो पर्वको आयुर्वेदिक महत्व पनि रहेको आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग आयुर्वेद प्रवर्द्धन शाखाका प्रमुख डा वंशदीप शर्मा खरेल बताउनुहुन्छ । फागु पर्वका उपलक्ष्यमा परम्परादेखि सरकारले सार्वजनिक बिदा दिँदै आएको छ । आज हिमाली र पहाडी गरी ५६ जिल्लामा सार्वजनिक बिदा दिइएको थियो। शुक्रबार तराइका २१ जिल्लामा बिदा दिइएको गृह मन्त्रालयले जनाएको छ । यस पर्वका अवसरमा आज राजधानीको टुँडिखेल, खुलामञ्च, वसन्तपुर, रामशाहपथजस्ता स्थानमा हजारौँ मानिस जम्मा भएर फागु पूर्णिमा पर्व मनाएका छन्। तराई क्षेत्रमा भने यो पर्व पूर्णिमाको भोलिपल्ट मनाउने गरिन्छ।

यस पर्वका उपलक्ष्यमा आजभोलि रमाइलोका निम्ति गाँजा, भाङ, जाँड-रक्सी जस्ता नसालु पदार्थको सेवन गरी गुन्डागर्दी गर्ने, शरीरमा प्रतिकूल असर गर्ने खालका रासायनिक पदार्थ प्रयोग गर्ने तथा सवारीसाधनमा समेत लोला हिर्काउने जस्ता विकृति पनि कम हुँदै गएको छ । समग्रमा राजधानीलगायत पहाडी र हिमाली जिल्लामा फागु अर्थात् होली अनुशासित बन्दै गएको छ।


## Galyang Municipality
## Office of The Municipal Executive
### Galyang, Syangja
### Gandaki Province, Nepal

# Invitation for Bids (IFB)

First Date of Publication: 2025/03/14 (2081/12/01)

1.Galyang Municipality invites electronic bids from eligible bidders under national competitive bidding–Single stage Single Envelope Bidding procedures.

| S. N. | Contract No. | Description of work | Bid Security Amount NRs | Last Date of Bid Submission | Bid Opening Date and Time | Cost of Bidding Document NRs |
|---|---|---|---|---|---|---|
| 1. | Contract ID: GM/SYA/ NCB/WORKS/ 13/2081/082 | Construction of Compounding works around Galyang Administrative office Building and Parking Truss | 1,13,000/- | 2025/04/13 12.00 Hours | 2025/04/13 14.00 Hours | 3,000.00 |
| 2. | Contract ID: GM/SYA /SQ/GOODS /14/ 2081/082 | Supply and Delivery of Surgical Equipment's and Medicines for Galyang Municipality | 48,000/- | 2025/03/28 12.00 Hours | 2025/03/28 14.00 Hours | 1,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Galyang Municipality, Galyang, Syangja, Nepal or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**